# Ⅳ-3 विवाह

अन्तर्राष्ट्रिय विवाह प्रक्रिया प्रवाह

**जापानी र विदेशी बीच विवाह**

जापानीले जापानको कानुनमा तोकेको विवाह शर्तहरू पूरा गर्नुपर्दछ।
विदेशीहरूले आफ्नो देशको कानुनमा तोकेको विवाह शर्तहरू पूरा गर्नुपर्दछ।

↓

| तयारी गर्नुपर्ने कागजातहरू | ・विवाह आबेदन (यो आबेदन आफ्नो नगरपालिका को कार्यलयमा प्राप्त गर्न सक्नु हुनेछ), बिवाह गर्ने दुवै जनाको सहि र हानको छाप हुनु पर्ने।<br>・परिवार रजिस्टर (जापानी)<br>・बिवाह गर्नु पर्ने कारण। बिदेशी को हकमा यो संग मिल्दो जुल्दो डकुमेन्ट<br>・पासपोर्ट |
|---|---|

↓

बिवाह गर्ने दुई जना मद्ये कुनै एक को निबास भएको स्थान वा जापानी को घर भएको स्थानमा बिवाह दर्ता आबेदन

↓

यदि आबेदन स्विकृत भयो भने जापानमा विवाह भएको मानिनेछ

↓

विवाह दर्ता प्रमाणपत्र प्राप्त गर्नुहोस्।

↓

विदेशीहरूले आफ्नो देशमा विवाह प्रक्रियामा जानु पर्छ। प्रक्रियाहरू देशको आधारमा फरक हुन्छन्, त्यसैले जापानमा रहेको तपाईंको दूतावास बुज्नुहोस

↓

पास भयो भने आफ्नो देशमा पनि विवाह दर्ता

↓

**विदेशी र विदेशी बीचको विवाह**

↓

देश आनुसार बिवाह संबन्धि कानुन फरक पर्ने हुनाले संबदित राजदुताबास मा संपर्क गरि बुझ्नुहोस् येदि बिवाह दर्ता जापानमा नै गर्ने हो भने, आफु बस्ने नगरपालिका मा बिस्तृत बुझ्नुहोस्

कागजातहरू देशको आधारमा फरक पर्दछ, त्यसैले नगरपालिका मा बिस्तृत बुज्नुहोस।

↓

बिहे पछि येदि फेमिली भिषामा सर्न चाहनु हुन्छ भने आफ्नो नजिक को अध्यागमन कार्यलय मा सम्पर्क गर्नुहोस।

## 1. जापानी र विदेशीहरू बीच विवाह

जापानमा जापानी नागरिक संग बिवाह गर्दै हुनु हुन्छ भने, आफ्नो नजिक को नगरपालिका या गाउपालिका मा बिवाह दर्ता गरिन्छ। जापानी नागरिकले जापानको बिवाह संबन्धि कानुन पालन गरेको हुनु पर्छ भने बिदेशी नागरिकले आफ्नो देश को कानुन पालन गरको हुनु पर्दछ। बिवाह दर्ता को लागि तल का डकुमेंट हरु चाहिन्छ।

1. परिवार रजिस्टरको प्रतिलिपिवा वा एब्स्ट्र्याक्ट (शोहोन) - जापानी नगरिकको हकमा
2. पासपोर्ट
3. तपाईंको देशको दूतावास वा वाणिज्य दूतावासद्वारा जारी गरिएको विवाह आवश्यकता प्रमाणपत्र वा वैकल्पिक कागजात। कागजात जापानी भाषामा जारी गरीएको छैन भने जापानी भाषामा अनुवाद गरेर अनुवादकको हानको छाप ,नाम र ठेगानाको साथ बुजाउनु होला।
4. विवाह दर्ता आबेदन (बिवाह गर्ने २० वर्ष वा सो भन्दा बढि उमेरका दुई जनाकै हस्ताक्षर र हानको छाप हुनु पर्दछ। बिवाह दर्ता निबेदन जापानी भाषा मा भरि बुझाउन पर्ने छ।

जापानमा बिहे दर्ता भइ सकेपछि तपाईले आफ्नो देशमा पनि बिहे दर्ता गर्नु पर्नेछ। तेस बेला जापानमा बिवाह दर्ता भएको परमाणपत्र चाहिन सक्ने हुदा आफ्नो नगपालिका को कार्यलय बाट निकाल्नु होला। आफ्नो देशमा बिवाह दर्ता गर्ने प्रक्रिया को बारेमा जापानमा रहेको आफ्नो दुताबासमा (परिशिष्टⅨ-5) संपर्क गर्नु होला।बिवाह दर्ता भएको मिति बाट बिवाहले आधिकारिक मन्येता पाउने छ।

## 2. विदेशी नागरिकहरु बीच बिहे

जापानी कानुनमा उल्लेख बुदा हरु पुरा गरेको खण्डमा उमेर पुगेका दुइ बिदेशी नागरिकले जापानमा बिहे गरि बिहे दर्ता गर्न सम्भब छ। तथापी आफ्नो देश आनुसार जापान मा दर्ता गरेको बिवाहलाई आफ्नो देशमा मान्येता पाइन्छ कि नाई भन्ने बारे सचेत रहनु पर्छ। आफ्नो देशमा पनि बिवाह दर्ता संबन्धमा जापानमा रहेको आफ्नो राजदुताबास (परिशिष्टⅨ-5) तथा आफु बस्ने नगरपालिका (परिशिष्टⅨ-1) मा बिस्रित बुज्नुहोस।

## 3. निवासको स्थिति परिवर्तन

जापानी नागरिक संग बिहे गरि या बिदेशी नागरिक संग बिहे गरि आफ्नो भिषा फेमिली भिषामा परिबर्तन गर्न चाहनु हुन्छ भने बिस्रित जानकारीको लागि बिदेशी नागरिक इन्फर्मेसन सेन्टर (परिशिष्टⅨ-2) मा संपर्क गरि बिस्रित बुज्नुहोस।

## 4. निवास कार्ड विवरण परिवर्तन

बिहे पछि निबास कार्डमा भएको नाम परिबर्तन गर्न सक्नु हुन्छ भने अध्यागमन बिभागमा संपर्क गर्नु होला। येदि ठेगाना परिबर्तन गर्न चाहनु हुन्छ भने आफ्नो नगरपालिका कार्यलय मा संपर्क गर्नु होला।

## 5. अन्य परिवर्तनहरू

बिवाह गरेपछि कर, निवृत्तिभरण, स्वास्थ्य बीमा आदि फरक पर्न सक्ने हुदा आफु काम गर्ने ठाउँमा बिहे भएको जानकारी गराउनु होला।